नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. न.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८२ असोज १३ गते (तदनुसार २९ सेप्टेम्बर २०२५) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय अनिलकुमार सिन्हाज्यूसँग नेपालका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदूत Chen Song ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा भेटघाट गर्नुभयो। भेटघाटका क्रममा महामहिम राजदूतले माननीय मन्त्रीज्यूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

सो अवसरमा माननीय मन्त्रीज्यूले दुई देशबीच रहेको ऐतिहासिक द्विपक्षीय सम्बन्ध तथा नेपालको आर्थिक तथा सामाजिक विकासमा चीन सरकारले पुऱ्याएको सहयोगको चर्चा गर्नु हुँदै हालैको जेन-जी प्रदर्शन पश्चात नवगठित सरकारको प्रमुख जिम्मेवारी निर्वाचन सम्पन्न गराउनु रहेको बताउनु भयो। साथै, चीन सरकारले यस विषम परिस्थितिमा आपूर्ति श्रृङ्खला सुचारू राख्न पुऱ्याएको सहयोगप्रति आभार प्रकट गर्दै नेपाललाई उपलब्ध गराउँदै आएको सहयोगको निरन्तरताको अपेक्षा गर्नुभयो।

पछिल्लो समयमा नेपाल चीनबीच बढिरहेको व्यापार घाटालाई न्यूनीकरण गर्न चीन सरकारबाट व्यापार सहजीकरणका लागि दुइ देशबीचको व्यापार पूर्वाधार विकास र विस्तारमा महत्वपूर्ण सहयोग एवम् सहकार्य हुने अपेक्षा व्यक्त गर्नुभयो। भेटघाटका क्रममा नेपालमा चीनको लगानी विस्तारका विविध पक्षमा छलफल भएको थियो। माननीय मन्त्रीज्यूले चिनीया लगानीकर्तालाई सक्दो सहयोग र सहजीकरण गरी नेपालमा लगानी गर्ने वातावरण विकास गर्न नेपाल सरकार प्रतिवद्ध रहेको बताउनु भयो।

छलफलका क्रममा महामहिम राजदूतले व्यापार सहजीकरण र व्यापारजन्य पूर्वाधार विकास लगायतका विषयमा चीन सरकारले नेपालसँग सहयोग एवम् सहकार्य जारी राख्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। सो अवसरमा नेपाल र चीन सरकारका उच्च पदाधिकारीहरुको पनि सहभागिता रहेको थियो।

मितिः २०८२ असोज १३ गते सोमबार।

(विपीन आचार्य)
सहसचिव

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np